बैठक संख्याः

श्री

आज मिति २०८३ साल आषाढ २३ गते दिउसो ३:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | श्री पुष्कर काफ्ले, वरिष्ठ प्रशासकीय अधिकृत | |
| २९. | | श्री विष्णुलाल पुरी, वरिष्ठ लेखा अधिकृत | |
| ३०. | | श्री मञ्जु खनाल, वरिष्ठ प्रशासकीय अधिकृत | |
| ३१. | | श्री कृष्णबहादुर थापा क्षेत्री, स.प्र.अ | |

**प्रस्तावहरु :**

१. राजा महात्मा पूर्णभद्र माध्यमिक विद्यालयलाई अनुदान निकासा सम्बन्धमा ।

२. विद्यालयको तह मिलान सम्बन्धमा ।

३. GESI Audit को प्रतिवेदन सार्वजनिक सम्बन्धमा ।

४. विहिवारे साप्ताहिक हाटवजार वडा नं १६ को आय ठेक्का सम्बन्धमा ।

५. करार कर्मचारीको म्याद थप सम्बन्धमा ।

६. बालमैत्री वडा घोषणा सम्बन्धमा ।

७. विपद् व्यवस्थापन कोष सम्बन्धमा ।

८. विविध ।

क) पञ्जीकरणको लागि Iris Device खरिद सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरि देहाय वमोजिमको निर्णय गरियो ।

**निर्णय नं. १**

- मिति २०८२/०२/२५ गतेको नगरसभाको निर्णयबाट राजा महात्मा पूर्णभद्र मा.वि.मा छात्रावास व्यवस्थापका लगि अनुदान शीर्षकमा रु ३००,०००/- विनियोजन गरिएको शैक्षिक सत्र २०८३ मा यस नगरपालिकास्थित राजा महात्मा पूर्णभद्र माध्यमिक विद्यालयमा मिति २०८२/०२/०४ गते देखि नगरपालिकाभित्रका भौगोलिक रुपमा विकट क्षेत्रका ३० जना बालबालिकाहरुको लागि छात्रावास सञ्चालन भइरहेकोले उक्त छात्रावास व्यवस्थापनका लागि विनियोजित रकमको खर्च जिम्मेवारी, लेखा परीक्षण लगायतका सम्पूर्ण उत्तरदायित्व विद्यालयको रहने गरी विद्यालयको खातामा एकमुष्ट निकासा दिने ।

**निर्णय नं. २**

- "बर्दघाट नगरपालिको सार्वजनिक विद्यालयको तह मिलान तथा शिक्षक व्यवस्थापन मापदण्ड, २०८३" को परिच्छेद -२ को दफा ४ बमोजिम विद्यालयमा तह कायम रहन आवश्यक पर्ने विद्यार्थी सङ्ख्या नभएका विद्यालयहरूको तह मिलान गर्ने नगर शिक्षा समितिको मिति २०८३/०३/४ को निर्णयबाट प्राप्त सिफारिस वमोजिम मिति २०८३/०४/०१ गते देखि लागु हुने गरी तपसिलअनुसार तह/कक्षा मिलान गर्ने निर्णय गरियो।

| विद्यालयको नाम | तह मिलान हुने कक्षाको विद्यार्थी सङ्ख्या | अनुमति प्राप्त कक्षा | तह मिलान पश्चात कायम हुने तह/कक्षा | कैफियत |
|---|---|---|---|---|
| जानकी प्रावि बर्दघाट-३ | कक्षा (४-५) मा १५ जना | कक्षा (१-५) | कक्षा (१-३) | |
| ज्ञानोदय प्रा.वि. बर्दघाट-३ | कक्षा (४-५) मा ८ जना | कक्षा (१-५) | कक्षा (१-३) | |
| जीतपुर प्रा.वि. बर्दघाट-५ | कक्षा (४-५) मा ७ जना | कक्षा (१-५) | कक्षा (१-३) | |

| | | | | |
|---|---|---|---|---|
| अखण्ड आधारभूत विद्यालय बर्दघाट-१३ | कक्षा (६-८) मा १८ जना | कक्षा (१-८) | कक्षा (१-५) | |
| भानु प्रा.वि. बर्दघाट-८ | कक्षा (४-५) मा ७ जना | कक्षा (१-५) | कक्षा (१-३) | |

**निर्णय नं. ३**

- यस बर्दघाट नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति, योजना, वार्षिक वजेट तथा कार्यक्रम सम्बन्धमा गरिएको GESI Audit (Gender Equality and Social Inclusion) को प्रतिवेदन स्वीकृत गरी प्रेसित सुझावलाई क्रमशः कार्यान्वयन गर्दै लैजाने ।

**निर्णय नं. ४**

- राजश्व परामर्श समितिको सिफारिस अनुसार बर्दघाट नगरपालिका वडा नं १६ स्थित विहिवारे साप्ताहिक हाटवजारको देहाय वमोवजिमको न्यूनतम कवोल अँक निर्धारण गरी आगामी आ.व. २०८३/०८४ को लागि ठेक्का वन्दोवस्त गर्ने ।

| आय ठेक्का नं | हाटबजारको नाम र ठेगाना | कायम गरिएको न्युनतम कवोल अँक रु. |
|---|---|---|
| १६-०८३/०८४ | विहिवारे साप्ताहिक हाटबजार बर्दघाट-१६ | ९००००.० |

**निर्णय नं. ५**

- बर्दघाट नगर कार्यपालिकाको कार्यालय र माताहातका कार्यालयमा करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको आधारमा आगामी मिति २०८३ साल पौष महिनासम्म म्याद थप गर्ने ।

**निर्णय नं. ६**

- बर्दघाट नगरपालिकाका बालमैत्री कार्यक्रम सञ्चालन भएका वडा नं १, ६, ७ र १४ मा अनुगमन गर्दा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ वमोजिमका सूचक तथा मापदण्ड पुरा गरेको पाइएकोले बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न जिल्ला समन्वय समिति नवलपरासी (ब.सु.प)बाट समेत अनुगमन गरी अनुमति प्राप्त भएकोले उल्लिखित वडाहरुलाई बालमैत्री वडा घोषणा गर्ने ।

निर्णय नं. ७

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **विपद् व्यवस्थापन कोष** शीर्षकमा (ब.सि.नं २७६) मा छुट्टाईएको बजेट रु ४०,००,०००/- (रुपैया चालिस लाख मात्र) रकम मध्येबाट मिति २०८३/०३/१७ मा विपद् व्यवस्थापन समितिबाट निर्णय गरी विनियोजन भएको देहायको रकम अनुमोदन गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु.हजारमा | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | लोकबहादुर सुनार | १० | ७५.० | मिति २०८३/०३/०९ गते घरमा आगजनीहुँदा घर जलेर पूर्ण क्षति भएको । | |
| २. | शिवराज पौड्याल | १० | ५०.० | मिति २०८३/०२/२६ को हावाहुरीको कारण घरको छाना उडाइ क्षति भएको | |
| ३. | दिपशिखा कृषक समूहको सिंचाइ मोटर खरिद तथा मर्मत | १३ | २०.० | आकस्मिक रुपमा परेको चट्याङ्ग र विद्युतको ओभर भोल्टेजको कारण मोटर जलेर नोक्सान पुऱ्याएको । | |
| ४. | विपद् व्यवस्थापन सम्बन्धि अभिमुखिकरण तालिम | न.पा. | १००.० | सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा तालिम शिक्षालय बर्दघाट | |
| ५. | दुर्गामाया दमै सहयोग | १५ | २०.० | मिति २०८३/०३/१२ को अविरल पानीको कारण घरको छाना र भित्ता भत्काइ क्षति भएको | |

निर्णय नं ८ विविध ।

क) बर्दघाट नगरपालिकाको सबै वडामा पञ्जीकरण सेवाको प्रभावकारीता अभिवृद्धिका लागि Iris Device खरिद गर्न सबै वडाहरुले वडाहरुमा प्राप्त बजेट सिलिङ्गमध्येबाट व्यवस्था गर्ने ।